प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

**कृषि ज्ञान केन्द्र, पाल्पाको आ.व. २०७७/७८ मा संचालन हुने रामपुर-रोल्पा सडक लक्षित तरकारी उत्पादन कार्यक्रम/ मकै मिसन कार्यक्रम र आलु मिसन सम्बन्धी कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित सूचनाः २०७७।०७।१७**

कृषि ज्ञान केन्द्र, पाल्पाको आ. व. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार रामपुर-रोल्पा सडक लक्षित तरकारी उत्पादन कार्यक्रम/ मकै मिसन कार्यक्रम र आलु मिसन सम्बन्धी कार्यक्रमहरु संचालन गर्नको लागि पाल्पा जिल्लाका अनुदानग्राहीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजातहरु संलग्न गरी कृषि ज्ञान केन्द्र, पाल्पामा प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव पेश गर्दा पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात तथा मापदण्ड यस कार्यालयको सूचना पाटि वा Website: palpa.akc.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**कार्यक्रमको मापदण्ड**

| क्र.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | रामपुर-रोल्पा सडक लक्षित तरकारी उत्पादन कार्यक्रम | तरकारी उत्पादन देखी बजारीकरण सम्मका कार्यहरु | ३ हेक्टरको कलस्टरमा कार्यक्रम प्रस्ताव हुनु पर्ने, बढीमा १५ वटा सम्म कलस्टर हुनु पर्ने | रामपुर देखी अर्घाखाँचीको सिमाना सम्म भएको सडक आसपासको पाँच किलोमिटर भित्रका क्षेत्रहरु | कृषक/फार्म/कृषि उद्यमी/कम्पनि/ कृषक समूह/ सहकारी संस्था/ जल उपभोक्ता समिति/ प्रशोधन कर्ता/ शीत भण्डारण संचालक संस्था | प्रति हेक्टर कूल लागतको चालु खर्चमा ५० प्रतिशत वा सार्वजनिक पूर्वाधारको हकमा कूल लागतको ८५ प्रतिशत वा एक लाख जुन कम हुन आउछ। |
| २ | मकै मिसन कार्यक्रम | मकै उत्पादन तथा बजारीकरण सम्बन्धि क्रियाकलापहरु | कम्तिमा १ हेक्टरको कलस्टरमा कार्यक्रम प्रस्ताव हुनु पर्ने | पाल्पा जिल्लाको सबै पालिकाहरु | | |
| ३ | आलु मिसन | आलु उत्पादन तथा बजारीकरण सम्बन्धी क्रियाकलापहरु | कम्तिमा १ हेक्टरको कलस्टरमा कार्यक्रम प्रस्ताव हुनु पर्ने | बगनासकाली गाँउपालिका, पूर्वखोला गाँउपालिका, माथागढी गाँउपालिका, रैनादेवी छहरा गाँउपालिका, रम्भा गाँउपालिका र तिनाउ गाँउपालिका | | |

**संलग्न गर्नु पर्ने कागजातहरुः**

१. निवेदन
२. कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी
३. अनुसूची – ४ अनुसारको ढाँचामा बिस्तृत प्रस्ताव
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको फोटोकपी
५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र लगातय अनुसुची ५ अनुसारका अन्य कागजातहरु

द्रष्टव्यः- सूचनामा उल्लेख भएका कार्यक्रमहरुको हकमा कार्यविधि मन्त्रालयबाट परिमार्जन भई आएमा सोही अनुसार हुनेछ। साथै कार्यविधिहरु प्रदेश नं ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,बुटवलको website:-molmac.p5.gov.np, निर्देशनालयको website:-doadp5.gov.np तथा यस कृषि ज्ञान केन्द्रको website:- palpa.akc.gov.np बाट download गर्न सकिनेछ।

शिव प्रसाद अर्याल
प्रमुख
अधिकृत स्तर, नवौं तह